**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 22.05.2025**

---

***CM Meets Union Ministers***

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा केन्द्रीय गृह मामिला मन्त्री अमित शाहसित भेट गर्नुभयो।

भेटघाटका बेला उहाँले केन्द्रीय मन्त्रीलाई सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा आयोजन भइरहेका वर्षव्यापी समारोहमा भाग लिनका लागि राज्यका मानिसहरूको तर्फबाट आपचारिक रूपमा आमन्त्रित गर्नुभयो।

श्री शाहले मुख्यमन्त्रीको निमन्त्रणलाई स्वीकार गर्नुभएको छ।

श्री तामाङले अपरेशन सिन्दूरको सफलताका लागि गृह मन्त्रीलाई बधाई दिनुभयो र भन्नुभयो यो अभियान प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा आतंकवादलाई जरैबाट उखेलेर फ्याँक्ने राष्ट्रको प्रतिवध्दताको प्रमाण हो।

भेटघाटकै क्रममा श्री तामाङले आज रक्षा मन्त्री राजनाथ सिंह र केन्द्रीय विद्युत मन्त्रीलाई पनि राज्यमा आउन निमन्त्रण गर्नुभयो।

उहाँहरूले वर्षव्यापी समारोहमा सहभागी हुने इच्छा व्यक्त गर्नुभएको छ।

---

***CM India Today Conclave***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ आज नयाँ दिल्लीमा भारतीय संघमा सिक्किमका एकीकरको, स्वर्णजयन्तीको अवसरमा आयोजित सम्मेलनमा सहभागी हुनुभयो। यो विशेष कार्यक्रमको आयोजना सिक्किम सरकारसित मिलेर इण्डिया टुडे समूहलेगरेको थियो।

सम्मेलनमा बेल्दै मुख्यमन्त्रीले विभिन्न क्षेत्रमा राज्य सरकारद्वारा गरिएका अभियानहरूबारे प्रकाश पार्नुभयो। उहाँले स्वास्थ्यरक्षा र शिक्षामा भएको परिवर्तनकारी विकाससँगै ध्वजवाहक कार्यक्रमहरू मेरो रूख मेरो सन्तति शिग्र समृद्धि योजना र मेरो वोट मेरो बाटोको अवगत गराउनुभयो। श्री तामाङले सिक्किमको विकास यात्रालाई आकार दिनमा सहयोग र साझेदारीका लागि प्रधानमन्त्री नरेन्द्र मोदील केन्द्र सरकारप्रति आभार प्रकट गर्नुभयो।

पचास वर्षमा राज्यको विकास यात्रा र उपलब्धिहरूलाई राष्ट्रिय मञ्चमा चर्चा गरिएको यस सम्मेलनमा सम्बन्धित अधिकारीहरू, नीति निर्माता, शिक्षाविद उद्यमीहरू, नवोन्मेषक र निवेशकहरू सहभागी बने।

---

***Orientation Prog managan***

राज्यको स्वास्थ्य तथा परिवार कल्याण विभाग र सिक्किम Inspires द्वारा राष्ट्रिय किशोर स्वास्थ्य कार्यक्रम अन्तर्गत उत्तर सिक्किम मुख्यालय मंगनमा आज पाठशाला स्वास्थ्य तथा आरोग्यमाथि व्यापक कार्यमूलक कार्यक्रम आयोजित भयो। यसमा जिल्लाका निम्न माध्यमिक र यसभन्दा माथिका पाठशालाहरूका प्रधान अध्यापक तथा प्राचार्यहरू, चिकित्सा अधिकारीहरू र दन्त चिकित्सकहरू उपस्थित थिए।

कार्यक्रममा बोल्दै अतिरिक्त जिल्लाधीश पेमा वाईछेन नामकारपाले मानसिक स्वास्थ्य र आत्महत्या जस्ता सामाजिक मुद्दाहरूबारे मानिसहरू विशेष गरी नानीहरूमा जागरूकता ल्याउनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

यसैवीच पाठशाला प्रमुखहरूमा क्षयरोगबारे सचेतना ल्याउने उदेश्यले जिल्ला क्षयरोग केन्द्र मगनद्वारा आज टीबी मुक्त पाठशाला अभियान सम्वन्धमा पनि कार्यमूलक कार्यक्रम आयोजन गरियो।

---

***Har Sikkim Tiranga***

राष्ट्रिय पर्वतारोहण तथा साहसित खेल संस्थान NIMAS को टोली गत अठार मईमा विश्वको तेस्रो सर्वोच्च शिखर कञ्चनजंघा आरोहण गर्न सफल भएको छ।

यसका साथै भारतका अठाइस राज्यहरूका सर्वोच्च शिखरमा भारतको राष्ट्रिय झण्डा फहराउने राष्ट्रभक्ति मिशन हर शिखर तिरंगा अभियान समाप्त भएको छ।

कञ्चनजंघा पर्वत आरोहण टोलीको नेतृत्व प्रख्यात पर्वतारोही कर्णल रणबीर सिंह जमवालले गर्नुभएको थियो।

साहसिक गतिविधिद्वारा एकता र राष्ट्रिय गौरवको भावना जगाउने उद्देश्यले यो मिशन आरम्भ गरिएको थियो।

---

***Riwas Rai***

आतंकवाद विरूध्द अपरेशन सिन्दूरको सफलताले उत्साहित समग्र राष्ट्रले भारतीय जवानहरूको शौर्य र साहसको प्रशंसा गरिरहेछन्।

देशभक्ति सम्वन्धमा विभिन्न वर्गका मानिसहरूले आफ्नो प्रतिक्रिया व्यक्त गरिरहेछन्।

खेलो इण्डिया गेम्समा वविसङमा कास्य पदक प्राप्त गर्ने रिवस राईको भनाई यस्तो छ।

---

***Amit Shah***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बीकानेरको पलानामा आयोजित सार्वजनिक समारोहमा छब्बीस हजार करोड़ रूपियाँ भन्दा अधिक लागतका कैयौं विकास परियोजनाहरू राष्ट्रलाई समर्पित गर्नुभयो।

यस अवसरमा उहाँले अठार राज्य र केन्द्रशासित प्रदेशका छयासी जिल्लाहरूमा एक सय तीन पुनर्विकसित अमृत स्टेशनहरूको उद्घाटन गर्नुभयो।

श्री मोदीले बीकरनेर मुम्बई एक्सप्रेस ट्रेनलाई पनि हरियो झण्डा देखाउनुभयो, पछि भिडियो कन्फरेन्सद्वारा मध्यप्रदेश र महाराष्ट्रपनि अम-त स्टेशनहरू उद्घाटन गर्नुभयो।

---

***Road Blocked***

पश्चिम सिक्किममा उत्तरेदेखि चिवा भञ्ज्याङ जाने मुख्य सड़क अहिले भत्किएकाले चिवा भञ्ज्याङ सीमानातर्फ जाने सुरक्षा कर्मीहरू र यात्रीहरूले समस्या पर्न गएको छ।

अविरल वर्षाको कारणले जोरबुटे एस एस बि क्याम्प नजीकै नयाँ खनिएको सड़क भासिएको बताइन्छ।

यात्रीहरूलाई पैदल वैकल्पित मार्गको प्रयोग गर्ने र मौसमको अवस्था झेर मात्र यात्रा गर्ने परामर्ष दिइएको छ।

---

***Khelo India Beach Games***

दमन र दिवमा भइरहेको पहिलो खेलो इण्डिया बीच गेम्स 2025 अन्तर्गत सिक्किमकी इलोमा सुब्बाले Pencak Silat मा काँस्य पदक प्राप्त गरेकी छन्।

यसै महीनाको दोस्रो साता उत्तर प्रदेशको लखनऊमा आयोजित तेह्रौं सिनियर National Pencak Silat च्याम्पियनशीपमा प्रदर्शनको आधारमा सिक्किमबाट दुइजना Pencak Silat मार्शल Artists इलोमा सुब्बा र यमुना छेत्री खेलो इण्डिया Beach गेम्सका लागि चयन भए थिए।

गत उन्नाइस मईदेखि आरम्भ भएको खेला चौबिस मईमा समाप्त हुनेछ।

---

***CM Meets Ministers***

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज नयाँ दिल्लीमा रक्षा मन्त्री राजनाथ सिंहसित भेट गर्नुभयो।

भेटघाटका बेला उहाँले केन्द्रीय मन्त्रीलाई सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको अवसरमा आयोजन भइरहेका वर्षव्यापी समारोहमा भाग लिनका लागि आमन्त्रित गर्नुभयो।

श्री सिंहले श्री तामाङको निमन्त्रणालाई स्वीकार गर्नुभएको छ।

मुख्यमन्त्रीले रक्षा मन्त्रीलाई आतंकवादको विरूद्धमा राष्ट्रको लडाई अपरेशन सिन्दूरको सफलताका लागि बधाई पनि दिनुभयो।

श्री तामाङले आज केन्द्रीय विद्युत मन्त्री मनोहर लालसित पनि भेट गरी उहाँलाई राज्यमा आउन निमन्त्रण गर्नुभयो।

श्री खट्टरले पनि वर्षव्यापी समारोहमा सहभागी हुने इच्छा व्यक्त गर्नुभएको छ।

---

***ICRI Spices Clinic***

मसला बोर्डको भारतीय अलैची अनुसन्धान संस्थान ICRI केन्द्र तादोङले सङखु रघु खाण्डु जैविक कृषक उत्पादक सहकारी समितिको सहयोगमा आज देन्तामका ठूलो अलैची उत्पादकहरूका लागि मसला क्लिनिक तथा सामग्री वितरण कार्यक्रम आयोजित गरयो।

यसमा ICRI का वैज्ञानिकहरूले देन्ताम क्षेत्रका कृषकहरूका नर्सरीको भ्रमण गरे।

कार्यक्रममा बायो क्याप्सुलका रूपमा सूक्ष्म पोषक लगायत जैव वस्तुहरू कृषकहरूलाई वितरण गरियो।

दीर्घ कालीन ठूलो अलैचीको खेतीको विधि तथा प्रक्रियाबारे जानकारी दिएर क्षेत्रका कृषकहरूको आजीविकामा सुधार ल्याउनु यस कार्यक्रमको उद्देश्य थियो।

---

***Weather***

राज्यमा विगत केही दिनसम्म पानी परे तापनि आज दिन घमाइलो भएकाले बजारमा मानिसहरूको निकै चहलपहल देखियो।

स्थानीय मौसम विज्ञानविभागले दिएको रिपोर्ट अनुसार वितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा न्यूनतम तापमान सोह्र दशमलउ दुई डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागले भोलि आकाशमा बादल छाउने र हलुका वर्षा हुने पूर्वानुमान गरेकोछ।

---